मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

असार २७ गते, २०८०

गाउँ सभाबाट स्वीकृत मिति २०८०।०३।२७

# मेन्छयायेम गाउँपालिका विनियोजनऐन, २०८०

**मेन्छयायेम गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः**-मेन्छयायेम गाउँपालिकाको **आर्थिक बर्ष २०८०/०८१** को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) मेन्छयायेम गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम **मेन्छयायेम गाउँपालिका विनियोजन विधेयक,**२०८० रहेको छ ।

(२) यो ऐन मिति २०८० **साउन १** गतेदेखि प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८०/०८१को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०८०/०८१को निमित्त गाउँ कार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च,पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रू.३०,३५,९०,८००।-(अक्षेरूपी तीस करोड पैंतिस लाख नब्बे हजार आठ सय मात्र)**मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१को निमित्त मेन्छयायेम गाउँपालिकाको गाउँकार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।तर योजना तथा कार्यक्रम विविध कारणले

संचालन हुन नसकेमा वा नयाँ योजना तथा कार्यक्रममा खर्च गर्न अत्यावश्यक भएमा सभा बाट अनुमोदन गराउने गरी कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

<u>अनुसूची– १</u>

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | **गाउँ कार्यपालिका** | | | | २६३४७४८००।०० |
| २ | | **वडा समिति** | ३६००००००।०० | १०८००००००।०० | ०।०० | १४४००००००।०० |
| ३ | | **बिषयगत शाखा** | | | | २२,७१६,००० |
| | | *शिक्षा तथा खेलकुद शाखा* | | | | १०,५४४,००० |
| | | *कृषि विकास शाखा* | | | | २,४५२,००० |
| | | *पशुपन्क्षी तथा मत्स्य विकास शाखा* | | | | २,५१०,००० |
| | | *लैंगिक समानता तथा समावेशिकरण शाखा* | | | | ९००,००० |
| | | *आयूर्वेद शाखा* | | | | ३६०,००० |
| | | *स्वास्थ्य शाखा* | | | | ५,९५०,००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | ० |
| ५ | | लगानी / शेयर / ऋण | | | | ० |
| ६ | | **कुल जम्मा** | | | | **३००५९०८००** |

सूत्र प्रणालीमा प्रविष्टी पश्चात मात्र वास्तविक चालु तथा पुँजिगत खर्चको अनुमानको एकिन हुनेछ ।